बैठक संख्या ५०

मिति २०७७।०२।०६

आज मिति २०७७।०२। ०६ गतेका दिन दिउसो ५.०० वजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाज्यूको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको बैठक वस्यो ।

उपस्थिति

| नाम थर | पद |
|---|---|
| १. श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २. श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३ श्री रमेश सुवेदी | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) |
| ४. श्री भीम बहादुर गुरुङ | १ नं वडाध्यक्ष |
| ५. श्री पोल बहादु आले | २ नं वडाध्यक्ष |
| ६. श्री कृतिमान आले | ३ नं वडाध्यक्ष |
| ७ श्री पदम बहादुर गुरुङ | ४ नं वडाध्यक्ष |
| ८. श्री याल बहादुर गुरु | ५नं वडाध्यक्ष |
| ९. श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०. श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११. श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२. श्री भोगीमाया राना | गा.का.पा. सदस्य |
| १३. श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४. श्री यम माया गुरु | गा.का.पा. सदस्य |

कर्मचारी उपस्थिति

श्री गोविन्द प्रसाद पौडेल

श्री दुर्गा वहादुर राना

देवघाट गाउँ कार्यपालिका

बैठक संख्या ५०

मिति: २०७७०२।०६

प्रस्तावहरु

१) समीक्षा, ...............

२) वडावाट योजना छनौट तथा प्राथमिकिकरण सम्बन्धमा

३) स्वयंसेवक परिचालन सम्बन्धमा

४) क्वारेन्टाईन संचालन निर्देशिका सम्बन्धमा

५) भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको विवरण संकलन सम्बन्धमा

६) खरको छानो भएको घर घुरीको विवरण सम्बन्धमा

७) मकै वालीमा फौजी किरा प्रकोप सम्बन्धमा

८) सामाजिक सुरक्षा भत्ता नगद वितरण सम्बन्धमा

निर्णयहरु

१) कोरोना भाईरस संक्रमण रोकथाम तथा नियन्त्रण, लकडाउन, राहत सामाग्री वितरण सम्बन्धमा समीक्षा गरियो ।

२) वडावाट योजना छनौट तथा प्राथमिकिकरण गरी जेष्ठ १५ गते भित्रमा गाउँपालिकामा पेश गर्ने निर्णय गरियो ।

३) कोरोना महामारी ( COVID-19 ) रोकथाम तथा नियन्त्रणका लागि समुदायमा स्वयंसेवक परिचालन सम्वन्धि मार्गदर्शन २०७६ अनुसारको प्रोत्साहन र खाजा खर्च स्वरुप प्रति दिन प्रति व्यक्ति रु. १५००। (एक हजार पाँच सय) उपलब्ध गराईएकोमा लकडाउन थप हुँदै गएकोले दैनिक भन्दा मासिक प्रोत्साहन र खाजा खर्च स्वरुप रु. १५०००। ( पन्ध्र हजार ) उपलब्ध गराउन उपयुक्त हुने देखिएकोले गाउँपालिकावाट मासिक प्रोत्साहन र खाजा खर्च स्वरुप रु. १५०००। ( पन्ध्र हजार ) उपलब्ध गराउने गरी आवश्यकताको आधारमा वडाहरुका पुलको नाकामा एक नाकामा १ जनाको दरले बढीमा ७ वटा नाकामा ७ जना सम्म स्वयंसेवक खटाउने निर्णय गरियो ।

४) कोरोना भाईरस ( COVID -19 ) सम्बन्धी क्वारेन्टाईन सन्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड, २०७७ स्विकृत गरियो । साथै क्वारेन्टाईनमा राख्नुपर्ने स्वदेश तथा विदेशवाट यस गाउँपालिकामा आएका व्यक्तिहरुलाई क्वारेन्टाईनमा राख्नको लागी वडा नं. ५ को कालिका मा.वि.मा क्वारेन्टाईन संचालन गर्ने र क्वारेन्टाईनमा वस्ने व्यक्ति र क्वारेन्टाईनमा खटिने जनशक्तिहरुलाई दैनिक रु. ३५०। ( तिन सय पचास) बराबरको खाजा र खानामा खर्च गर्ने निर्णय गरियो ।

... बहादुर थापा

दुर्ग बहादुर था
अध्यक्ष

५. वडा कार्यालयले भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको विवरण संकलन गरी गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

६. खरको छानो भएको घर घुरीको विवरण लिन छुट भएको बुझिन आएकोले वडा कार्यालयले छुट सहितको विवरण लिई गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने निर्णय गरियो ।

७. यसै वालीमा फौजी किरा प्रकोप महामारीको रुपमा देखिएकोले विपद व्यवस्थापन कोषवाट खर्च हुने गरी विषादी खरिद गरी कृषकलाई नि:शुल्क वितरण गर्ने निर्णय गरियो ।

८. भौगोलिक जटिलता र लकडाउनको अवस्थाले गर्दा यस आ.व.को तेस्रो किस्ताको सामाजिक सुरक्षा भत्ता वडा वडामा गई नगद वितरण गरिदिनको लागी सिद्धार्थ वैंक देवघाट शाखालाई अनुरोध गर्ने निर्णय गरियो । साथै यसको लागी सुरक्षा व्यवस्था र आवश्यक जन शक्तीको जिम्मा गाउँपालिकाले लिने निर्णय गरियो ।

रमेश सवेदी
प्रमुख प्रशासकीय अधिकृत

दुर्ग बहादुर थापा
अध्यक्ष